लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: २०८१।०८२
चलानी नम्बर: ७६४

मिति-२०८१/०९/२२

**विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

श्री जो जससँग सम्बन्धित छ।

प्रस्तुत बिषयमा रोल्पा जिल्ला लुङ्ग्री गाउँपालिका अन्तर्गत श्री सामाजिक मा.वि.,धाराखर्कमा रिक्त रहेको प्रा.वि.तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.३३,मिति २०८१/०९/०८ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निबेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि पुन दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च:**

१.तोकिएको म्याद भित्र विद्यालयमा स्वयम् उपस्थित भई वा विद्यालयको इमेल ठेगाना samaajiksecondaryschoollungri@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।

२.म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन।

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ,रोल्पा।

श्री सामाजिक माध्यमिक विद्यालय,लुङग्री-३,धाराखर्क,रोल्पा।

(भेष बहादुर बिष्ट)
शिक्षा शाखा प्रमुख

२०८१।९।२२

(लेपेन्द्र बहादुर बुढाथोकी)
प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत